# सिरहा नगरपालिकाका सिरहाको नागरिक वडा पत्र यस प्रकार छ ।

| क.स | सेवा सुविधा | सेवा सुविधा लिदा पेश गर्नु पर्ने कागजात(प्रमाण) हरुः |
|---|---|---|
| १ | घर  जग्गा नामसारी | सम्बन्धित व्यक्तिको व्यहोरा खुलेको निवेदन हकदार किटानी भएको वडा सरजमिन मुचुल्का सम्बन्धित हकदारहरुको नागरिकता प्रमाण पत्रको प्रतिलिपी,मृतकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी, सम्बन्धित व्यक्तिको नाता प्रमाणितको प्रतिलिपी, मृतकको नाँउको जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपी, नावलकको हकमा जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपी,अंशवण्डाबाट हक स्थापीत भएको अवस्थामा अंशवण्ड पत्रको प्रतिलिपी, कामको प्रकृति अनुसार अन्य कागजातहरु |
| २ | नागरिकता सिफारिस | २ प्रति नागरिकताको फारम, निवेदकको माता पिताको नागरिकता प्रमाणपत्रको प्रतिलिपी, माता पिताको मृत्यु भै सकेको भए निजको मृत्यु दर्ताको प्रतिलिपी र नजिकको हकदारको ना.प्र.पत्रको प्रतिलिपी,जन्म मिति खुलेको प्रमाण पत्रको प्रतिलिपी,बसाई सरी आएको भए  सो को  प्रतिलिपी र स्थाही बसोबासको वडा स्थलगत सरजमिन मुचुल्का,विवाहित महिला भए, विवाह दर्ता को प्रतिलिपी, पतिको ना.प्र. पत्रको प्रतिलिपी,विवाहित महिलाका माईती तर्फ आमा,पिता, दाजु मध्ये एकको  ना.प्र. पत्रको प्रतिलिपी, विदेशी महिलाको हकमा विदेशी नागरिकता पत्र, प्रतिलिपीको हकमा पहिलेको नागारिकता च्यातिएको,झुत्रिएको वा नबुझिने भै प्रतिलिपी लिनु पर्नेमा  सो पेश गर्ने नागरिकता प्रतिलिपी अनुसुची फारम भरेको २ दुई प्रति, कामको प्रकृति अनुसार आवश्यक कागजातहरु अविवाहितको हकमा : २ प्रति नागरिकताको फारम, अविवाहित रहेको किटानी साथ को पत्र र निवेदन वडा सर्जमिन मुचुल्का ।<br>नोटः सिफारिस लिने वस्वत सनाखत गर्ने व्याक्तिको उपस्थिति अनिवार्य रुपले गराउनु पर्ने छ । |
| ३ | नाता प्रमाणित | सम्बन्धित व्यक्तिको व्यहोरा खुलेको निवेदन र नागरिकता प्रमाण पत्रको प्रतिलिपी, वडा स्थलगत सरजमिन मुचुल्का,नाता खुल्ने वा भिडने लिखत प्रमाणको प्रतिलिपी, उमेर नपुगेकोहकमा जन्मदर्ता वा शैक्षिक योग्यताको प्रतिलिपी बसाई सरी आएको भए  सो को  प्रतिलिपी, २,२ प्रति पासपोट साईजको फोटो, मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपी, कामको प्रकृति अनुसार अन्य आवश्यक कागजातहरु । |
| ४ | उधोग दर्ता सिफारिस | सम्बन्धित व्यक्तिको निवेदन र नागरिकता प्रमाण पत्रको प्रतिलिपी, वडा स्थलगत सरजमिन मुचुल्का, उधोग स्थापना हुने स्थानको जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपी,अरुको जमिन वा घर भाडामा भए सोको सम्झौता पत्र, न.पा मा व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी । |
| ५ | घर बाटो छ छैन प्रमाणित | सम्बन्धित लिने दिनेको संयुक्त  निवेदन र नागरिकता प्रमाण पत्रको प्रतिलिपी,ट्रेस नक्श, ज.ध. पुर्जीको प्रतिलिपि,किटानी साथ सिफारिस पत्र । चालु आ.वा सम्म न.पा लाई बुझाउनु पर्ने  सम्पूर्ण कर  शुल्क बुझाएको प्रमाण । |
| ६ | घर जग्गा मुल्याङ्कन | सम्बन्धित व्यक्तिको व्यहोरा खुलेको निवेदन, नागरिकता प्रमाण पत्रको प्रतिलिपी, ज.ध.प्रमाण पुर्जीको प्रतिलिपि नापी शाखा,वडा सरजमिन मुचुल्का, ना.पा लाई तिर्नु पर्ने चालु आ.वा सम्मको कर तिरेको रसिद । |
| ७ | विधुत तथा खानेपानी जडान सिफारिस | सम्बन्धित व्यक्तिको व्यहोरा खुलेको निवेदन, नागरिकता प्रमाण पत्रको प्रतिलिपी, ज.ध.प्रमाण पुर्जीको प्रतिलिपि, घर नक्शा पास इजाजत पत्रको प्रतिलिपी, वडा सरजमिन मुचुल्का, ना.पा लाई तिर्नु पर्ने चालु आ.वा सम्मको कर तिरेको रसिद । |
| ८ | चार किल्ला प्रमाण्ति | सम्बन्धित व्यक्तिको व्यहोरा खुलेको निवेदन, वडा सरजमिन मुचुल्क, , नागरिकता प्रमाण पत्रको प्रतिलिपी, ज.ध.प्रमाण पुर्जीको प्रतिलिपि,ट्रेस नक्शा । |
| ९ | व्यवसाय दर्ता | घर जग्गा वहालमा लिएको भए सो को सम्झौता पत्र, सम्बन्धित व्यक्तिका निवेदन साथ उपस्थिति, न.पा पत्रको प्रतिलिपी, २ प्रति पासपोर्ट साईजको फोटो,जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपी । |

सिरहा नगरपालिकाका सिरहाको नागरिक वडा पत्र यस प्रकार छ ।